# राजस्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan - RIAP)

२०८०/०८१ – २०८२/०८३

# अन्तिम प्रतिवेदन




## शिवसताक्षी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा, झापा

कोशी प्रदेश,नेपाल

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा   कोशी प्रदेश, नेपाल ।

२०७३

कार्यालय ०२३-४७०३२३, ०२३-४७०३२२
Email:-
dms.shivasatakshimun@gmail.com


**वैशाख २०८०,**

प. स प्रशासन ०७९/८०
च. नं

## मन्तव्य



यस शिवसताक्षी नगरपालिकाको योजनावद्ध विकासका लागि राजश्व सुधार योजनाको खाँचो खडकि रहेको वेला यस नगरपालिकाका निर्वाचित पदाधिकारी , विषयगत कार्यालयका प्रमुख तथा कर्मचारी, विकास निर्माणसंग सम्बन्धित संघसंस्था , स्थानीय सहभागी एवं परामर्शदाता संस्थाका अनुभवी विज्ञहरुको प्रयासवाट यो तीन वर्षीय राजश्व सुधार योजना (२०८०/८१-२०८२/८३) तयार भएको पाउँदा म हर्ष विभोर भएको छु। अतः यस योजना तर्जुमा कार्यमा अहोरात्र खटिनु भएकामाथि उल्लिखित महानुभावहरु प्रति सधन्यवाद आभार व्यक्त गर्दछु ।

यस नगरपालिकाको यो पहिलो राजश्व सुधार योजना भएको हुँदा अब यस नगरपालिकाको राजश्व संकलन प्राथमिकताका क्षेत्रहरुको पहिचान गरी यस योजनाले निर्दिष्ट गरेका उद्देश्य र लक्ष्यलाई छिटो छरितो तरिकाले हासिल गर्न कटिवद्ध रहन प्रतिवद्ध भएका छौं । यस नगरपालिकाको सर्वाङ्गिण विकासको लागि यस नगरपालिकाका सबै वासिन्दा , सरकारी/गैरसरकारी/निजी र सहकारी क्षेत्रसँग आवद्ध पदाधिकारी , कर्मचारी, शिक्षक, समाजसेवी, नागरिक समाज, वुद्धिजीवि, पत्रकार, राजनैतिककर्मी एवं निर्वाचित पदाधिकारीहरुको संयुक्त प्रयास अपरिहार्य हुने यथार्थ स्मरण गराउँदै यहाँहरु सबै समक्ष यस योजनालाई सफल तुल्याउन आआफ्नो तर्फवाट-महत्वपूर्ण योगदान सक्रिय रुपमा प्रदान गर्न हुन समेत सादर आह्वान गर्दछु ।

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा कोशी प्रदेश, नेपाल ।

कार्यालय ०२३-४७०३२३, ०२३-४७०३२२
Email:-
dms.shivasatakshimun@gmail.com


२०७३ **वैशाख २०८०,**

प. स प्रशासन ०७९/८०
च. नं

# मन्तव्य



**नरमाया कार्की**
**नगर उप-प्रमुख**

शिवसताक्षी नगरपालिकाको योजनावद्ध विकासका लागि राजश्व सुधार योजनाको आवश्यकता रहेको यर्थाथ हो । राजश्व सुधार योजना तर्जुमा गर्ने निर्णय गरे अनुरुप नगर प्रमुख, सम्पूर्ण वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत , योजना विभाग प्रमुख , विषयगत समितिहरुका प्रमुख, सम्पूर्ण कर्मचारी, विकास निर्माणसंग सम्बन्धित संघसंस्था , स्थानीय गैरसरकारी संस्था एवं परामर्शदाता संस्थाको प्रयासवाट यो राजश्व सुधार योजना तयार भएको पाउँदा म हृदयदेखी नै मलाई खुसी छ ।

राजश्व सुधार योजना राजश्व संकलनको पथप्रर्दशक हो जसको आधारमा बढी राजश्व संकलन गरी योजनाहरुको पहिचान , प्राथमिकीकरण, कार्यान्वयन, अनुगमन र अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ । शिवसताक्षी नगरपालिकाले तय गरेका उद्देश्य , लक्ष्य र दीर्घकालीन सोच पुरा हुन एउटा यथार्थपरक राजश्व सुधार योजनाको आवश्यक थियो जुन यस प्रयास वाट पूरा भएको छ । राजश्व सुधार योजना तर्जुमाका लागि महत्वपूर्ण पहल गर्नु हुने नगरपालिका प्रमुख श्री मेगाहाङ्ग थोप्रा ज्य (रोशन) लाई विशेष धन्यवाद दिन चाहन्छु । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी र एघाह्र वटैवडाका वडा अध्यक्षहरु, सम्पूर्ण नगरसभा सदस्यहरुले यस पुनित कार्यमा पुर्याउनु भएको अमूल्य योगदानका लागि सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा कोशी प्रदेश, नेपाल ।

२०७३

कार्यालय ०२३-४७०३२३, ०२३-४७०३२२
Email:-
dms.shivasatakshimun@gmail.com


प. स प्रशासन ०७९/८०
च. नं

**वैशाख २०८०,**

# मन्तव्य



**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरे बमोजिम गठन भएका स्थानीय तहहरुको आफ्नो क्षेत्रको विकासमा महत्वपूर्ण जिम्मेवारी रहेको छ । स्थानीय जनताहरुको अर्थपूर्ण सहभागितामा योजनाहरुको सही छनोट , प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन तथा मूल्याङ्कन,विकासको प्रतिफल प्रतिको सन्तुष्टी जस्ता महत्वपूर्ण कुराहरु स्थानीय सरकारका अधिकार, कर्तव्य,दायित्व हुन ।

स्थानीय तहलाई संविधानतः प्राप्त अधिकार र जिम्मेवारी प्रति कर्तव्यको वोध गर्दै शिवसताक्षी नगरपालिकाले तीन वर्षीय राजश्व सुधार योजना तर्जुमा (२०८०/८१-२०८२/८३) गरेको शिवसताक्षी नगरपालिकाको यस प्रथम राजश्व सुधार योजना तयारीको क्रममा अहम भूमिका निर्वाह गर्नु भएका नगरपालिका प्रमुख र उप प्रमुख-प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । निर्देशक समितिका सम्पूर्ण पदाधिकारी र विषयगत समितिहरुमा बसी महत्वपूर्ण भूमिका निर्वाह गर्न हुने संयोजक र वडा सदस्यहरुमा धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी राजश्व सुधार योजना निर्माण कार्यमा प्रत्यक्ष सहभागिता जनाई सहयोग गर्ने विभिन्न संघ संस्था, गैरसरकारी संस्था , स्थानीय वुद्धिजीवि , समाजसेवी, सरोकारवाला, नगरपालिकाका विषयगत शाखाहरुका प्रमुख , सम्पूर्ण कर्मचारी लगायत यस राजश्व सुधार योजना निर्माणमा कार्यमा प्रत्यक्ष /अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सबै मा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

# बिषय सुचि

**परिच्छेद एकः परिचय ........ ञ**

१.१ पृष्ठभुमि ........ १

१.२ राजस्व सुधार योजनाको औचित्य ........ २

१.३ उद्देश्य ........ ३

१.४ विधि तथा प्रक्रिया ........ ४

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ ४

१.४.२ तथ्याङ्क संकलन ........ ४

१.४.३ कार्यशाला तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण गोष्ठी ........ ५

१.४.४ प्रतिवेदनको अन्तिम रुप ........ ५

१.५ सीमा ........ ५

**परिच्छेद- दुई : नगरपालिकाको संक्षिप्त परिचय ........ १०**

२.१ नगरपालिको गठन तथा नामाकरण ........ ७

२.३ भौगोलिक तथा प्राकृतिक अवस्था ........ ८

२.४ नगरपालिकाको मानवीय संसाधन ........ ९

२.५ शनगरपालिकाको भौतिक सम्पत्ति ........ ९

**परिच्छेद-तीन : राजश्व अधिकार तथा आय सम्भाव्यता ........ १०**

३.१ नगरपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था ........ १०

३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था ........ ११

३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ १३

३.३.१ कर राजश्व र गैर कर राजश्व ........ १३

३.३.२ गैर  राजश्व ........ १९

**परिच्छेद - चार : राजस्व संकलनको संस्थागत क्षमता तथा अवस्था ........ २२**

४.१ राजस्व परामर्श सम्वन्धि नीति ........ २२

४.२  आय संकलनको संस्थागत क्षमता ........ २३

४.३  आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........ २४

४.४ राजश्व परिचालनमा रहेका सवालहरु ........ २५

**परिच्छेद-पाँचः राजश्व सुधार कार्ययोजना ........ २७**

५.१ राजश्व सुधार कार्ययोजना ........ २७

**परिच्छेद -छ : आगामी तिन वर्षको आय प्रक्षेपण ........ ३९**

६.१ राजश्व सुधार कार्ययोजनाको आधारमा राजश्व प्रक्षेपण ........ ३९

६.२ विगत तीन वर्षको आन्तरिक आयको अवस्था ........ ४२

६.३ विगत तीन वर्षको आन्तरिक आयको अवस्था र आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ ४३

**परिच्छेद-सातः अपेक्षित नतिजा ........ ४६**

**परिच्छेद-आठः अनुगमन तथा मूल्यांकन ........ ४६**

८.१ निष्कर्ष र सुझाव ........ ४७

अनुसूची १ : सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ ४९

अनुसुचि २: तथ्यांक/सूचना संकलनका फारम ........ ५०

अनुसूची ३ : कार्ययोजना तर्जुमा सम्बन्धी कार्यशाला तथा प्रतिवेदन प्रस्तुति कार्यक्रमको उपस्थिति विवरण ........ ५६

अनुसूची ४ : नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण ........ ६०

अनुसूची ५ : कार्यशाला गोष्ठि तथा प्रतिवेदन प्रस्तुति कार्यक्रमका केही झलकहरु : ........ ६१

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभुमि

संघिय लोकतान्त्रिक व्यवस्थाले परिकल्पना गरेको संघीय शासन व्यवस्थालाई मुर्तरुप दिन संविधान सभामार्फत घोषित नेपालको संविधानले सम्पूर्ण शासन व्यवस्थालाई सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघ प्रदेस र स्थानीय तह गरी तीन राजनीतिक तहमा विभाजन गरेको छ । यी तीन तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुराको प्रत्याभूति संविधानले नै गरेको छ ।

संविधानको अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ । संविधानले प्रदान गरेको अधिकारका आधारमा बनेका संघ, प्रदेश र स्थानीय सरकारहरु आफैमा त्यस्ता शक्तिशाली तहहरु हुन जसले संबिधानको दायरा भित्र रही पूर्ण स्वायत्तताका साथ काम गर्ने क्षमता राख्छन् । तसर्थ राजनीतिक परिवर्तनको अपेक्षा बमोजिम भएको रुपान्तरणकारी परिर्वतनले समुदायको घरदैलोमा अधिकार मात्र पुर्‍याएको छैन स्थानीय तहका राजनीतिक व्यक्तित्वहरुलाई आफ्नो क्षेत्रमा विकास र सम्बृद्धि ल्याउन क्षमता प्रर्दशन गर्ने अवसर पनि प्रदान गरेको छ । बलियो इच्छा शक्ति र दीर्घकालिन सोचयुक्त राजनीतिक नेतृत्वहरुले आगामी केहि वर्ष भित्र आफ्नो पालिकालाई सँच्चिकै नमुना बनाउन सक्ने अवसर पाएका छन् । जसले अन्तत्वगत्वा नागरिकको जिवनयापनलाई सहज र सुविधाजनक बनाइदिन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ। तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन। यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारकालागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ-संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ। तर स्थानीय तह आफैंले सङ्कलन गर्न सकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन

गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ। बाह्य आयको केही अंशलाई बाहेक संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको सर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ।

स्थानीय सरकार सञ्चालन एने, २०७४ को परिच्छेद ९ (दफा ५५-६२) मा उल्लेख भए अनुसार स्थानीय सरकारले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ। कर तथा गैरकर दुबै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन। स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ। यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय-सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ। स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ। स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ। स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ।

सिमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लगाएर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ। नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ। जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ, उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ। वर्तमान सन्दर्भमा आउदा बर्षहरु स्थानीय सरकारका लागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउन सके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना छ।

### १.२ राजस्व सुधार योजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न चिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय

सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन जान्छ । नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित राजस्व सुधार कार्ययोजना तयार गरी न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको स्थिति छैन । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणाली आदीको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्न गरी यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यसले नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुँने हुँदा नगरपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ । राजस्व प्रक्रियामा सुधारका लागि शिवसताक्षी नगरपालिकाको नेतृत्वमा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै नगरपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ र मुख्य उपलब्धीका रुपमा नगरपालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

## १.३ उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ :

- प्रचलित कानूनको भावना र उद्देश्य अनुसार नगरपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति कार्यक्रमहरु तथा कार्यान्वयनका तौरतरिकाहरुको वस्तुनिष्ठ समीक्षा गर्ने ।

- राजस्व सुधार कार्ययोजनाको आवश्यकता र महत्वबारे नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने ।
- नगरपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक सुधारका लागि सिफारिस गर्ने ।
- आधुनिक राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, बिद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित आगामी आ.व.२०८०।०८१ लागि आन्तरिक आय सम्बन्धी अनुमानमा संसोधन सहित आगामी ३ आ.व.का लागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने ।
- नगरपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- नगरपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.४ विधि तथा प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाका लागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूचीमा** १ मा प्रस्तुत गरिएको छ ।

### १.४.२ तथ्याङ्क संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्मको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा नगरपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्ष चैत्र मसान्तसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा नीति तथा कार्यक्रम र बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.३ कार्यशाला तथा प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण गोष्ठी




शिवसताक्षी नगरपालिकाको आयोजनामा २०७९ चैत २० गते राजस्व सुधार कार्ययोजनाको तर्जुमा सम्बन्धी प्रारम्भिक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशाासकीय अधिकृत, वडा अध्यक्षहरु, राजस्व परामर्श समितिका पदाधिारी, कार्यपालिकाका सदस्यहरु, उद्योग वाणिज्य संघका प्रतिनिधि तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको उपस्थिति विवरण **अनुसुचि ३** मा राखिएको छ । यसैगरी मिति २०८०।०२। गते मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन एवं राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने उपायहरु विषयमा छलफलका कार्यक्रमको आयोजना गरिएको थियो ।

### १.४.४ प्रतिवेदनको अन्तिम रुप

नगरपालिकाको राजस्वसंग सम्बन्धित मूख्य सरोकारवाला पक्षहरू (पदाधिकारी, कर्मचारी, उद्योग वाणिज्य संघ, नागरिक समाज) हरुले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहहरू प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

## १.५ सीमा

नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य नगरपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- नगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- यो प्रतिवेदनमा राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी समय सापेक्ष परिमार्जन गर्न सक्नेछन ।

# परिच्छेद-दुईः नगरपालिकाको संक्षिप्त परिचय

## २.१ नगरपालिको गठन तथा नामाकरण

नेपाल सरकारले मिति २०७३/११/२७ गतेको राजपत्रमा सूचना प्रकाशित गरि साविकको शिवसताक्षी नगरपालिका, पाँचगाछी गा.वि.स तथा धरमपुर गा.वि.स सम्मिलित गरी यस शिवसताक्षी नगरपालिका गठन गरेको हो । जम्मा ११ वटा वडामा विभाजन गरिएको यस नगरपालिकाको कुल क्षेत्रफल १४५.४८ वर्ग कि.मी. रहेको छ । २०७५ को घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको जनसंख्या ७४,३६६ रहेको छ । साविक धरमपुर गा.वि.स. हाल वडा नं. १, २ र ३ साविक पाँचगाछि गा.वि.स हाल वडा नं. ४ र ५ को रूपमा रहेको छ भने वडा नं. ६ र ७ ले साविक शिवगंज गा.वि.स तथा वडा नं. ८, ९, १० र ११ ले साविक सतासीधाम गा.वि.स.लाई समेटेको छ। यस नगरपालिकाको पूर्वमा कन्काइ नगरपालिका, उत्तरमा इलाम जिल्ला, पश्चिममा कमल नगरपालिका र दक्षिणमा झापा नगरपालिका र गौरीगंज नगरपालिका रहेका छन् ।

सताक्षीधाम धार्मिक क्षेत्र, दोमुखा पर्यटकिय क्षेत्र, चिल्लागढ ऐतिहासिक साँस्कृतिक क्षेत्र लगायत विभिन्न मठ मन्दिर, गुम्बा तथा खोलानाला, नहर, कुलो, पोखरी, सिमसार क्षेत्र तथा हरिया वनहरूले यस नगरपालिकालाई शान्त, आकर्षक र रमणिय बनाएका छन् ।अन्य नगरपालिकाहरूको तुलनामा विकासका पूर्वाधारहरू कम भएता पनि अत्याधिक सम्भावना बोकेको क्षेत्रको रूपमा यस नगरलाई लिईन्छ । नगरपालिकाको केन्द्र वडा नं. ७ स्थित ब्याङ्गडाँडामा रहेको छ । नगरपालिकाको प्रमुखमा वडा नं. ९ निवासी श्री मेगाहाङ्ग थोप्रा (रोशन) तथा उप-प्रमुखमा वडा नं. ७ निवासी श्री नरमाया कार्की निर्वाचित हुनुभएको छ । जनप्रतिनिधिहरू निर्वाचित भै आएपश्चात नगर कार्यपालिकाले नगर कार्यपालिका कार्यविभाजन नियमावली, कार्यसम्पादन नियमावली लगायतका विभिन्न नियमावली र कार्यविधिहरू स्वीकृत गरी त्यसैका आधारमा नगर कार्यपालिकाका् दैनिक प्रशासनिक तथा विकासात्मक कार्यहरू संचालित छन् ।

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार यस नगरपालिकाको घरधुरी संख्या १४६९५ रहेको थियो भने जनसंख्या ६४५९६ थियो भने हाल ०७८ को प्रतिवेदन अनुसार घरधूरी संख्या १८२५३ र जनसंख्या ७४०७७ ( पुरुष ३४९५५ र महिला ३९१२२) रहेको छ । जस अनुसार यस नगरपालिकाको वार्षिक जनसंख्या बृद्धिदर १.३१ प्रतिशत रहेको छ । जनगणना ०७८ को प्रतिवेदन अनुसार यस नगरपालिकाको जनघनत्व ५०८ प्रति वर्ग कि. मी. रहेको छ भने साक्षरता दर ८२.२७ प्रतिशत (पुरुष ८८.५५ र महिला ७६.७६) रहेको छ ।

## २.२ प्रशासनिक विभाजन

यस नगरपालिकामा ११ वटा वडाहरु रहेका छन् । साविकका गाविसहरुलाई समेटेर घोषणा भएको यस नगरपालिकाका वडाहरु निम्न बमोजिम विभाजन गरिएको छ । सबै वडाहरुमा यातायात पहुँच, विद्युत, सूचना प्रविधि, खानेपानी लगायतका सुविधाहरु पुगेका छन् ।

**तालिका नं. १: नगरपालिकाको प्रशासनिक विभाजन**

| वडा नं. | समावेश गाविस/नपा | क्षेत्रफल (वर्ग किमी) | वडाले ओगटेको क्षेत्रफल (%) |
|---|---|---|---|
| १ | धरमपुर (८,९) | ९.९५ | ६.८४ |
| २ | धरमपुर (५,६,७) | १३.०२ | ८.९५ |
| ३ | धरमपुर (१,२,३,४) | १०.८० | ७.४२ |
| ४ | पाँचगाछी (१,३,४,६,७) | ११.९५ | ६.५६ |
| ५ | पाँचगाछी (२,५,८,९) | ९.५५ | ६.५६ |
| ६ | शिवसताक्षि (१) | १४.३० | ९.८३ |
| ७ | शिवसताक्षि (२,३,४) | २०.२८ | १३.९४ |
| ८ | शिवसताक्षि (५,६) | ८.१० | ५.५७ |
| ९ | शिवसताक्षि (८) | १०.७८ | ७.४१ |
| १० | शिवसताक्षि (९) | १४.४२ | ९.९१ |
| ११ | शिवसताक्षि (७) | २२.३३ | १५.३५ |

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

शिवसताक्षी नगरपालिको भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ३६ मिनेट ५५ सेकेण्ड उत्तरी अक्षांश र ८७ डिग्री ५० मिनेट ०७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस नगरपालिकाको पूर्वमाकन्काई नगरपालिका, पश्चिममा कमल गाउँपालिका, दक्षिणमा गौरीगन्ज गाउँपालिका र उत्तरमा इलामको माई नगरपालिकासँग सिमानाजोडिएको छ । जिल्लाको कुल क्षेत्रफल १६१९.९२ वर्ग किमीमध्ये ८.९८ प्रतिशत भुभाग ओगटेको छ । वडा अनुसार नगरपालिकाको क्षेत्रफल यस अनुसार रहेको छ ।

**तालिका नं. २: वडागत संरचना, क्षेत्रफल र जनसंख्या**

| वडा नं. | समावेश गाविस/नपा | क्षेत्रफल (वर्ग किमी) | वडाले ओगटेको क्षेत्रफल (%) | जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | धरमपुर (८,९) | ९.९५ | ६.८४ | ३९१२२ | ३४९५५ | ७४०७७ |
| २ | धरमपुर (५,६,७) | १३.०२ | ८.९५ | | | |
| ३ | धरमपुर (१,२,३,४) | १०.८० | ७.४२ | | | |
| ४ | पाँचगाछी (१,३,४,६,७) | ११.९५ | ६.५६ | | | |
| ५ | पाँचगाछी (२,५,८,९) | ९.५५ | ६.५६ | | | |
| ६ | शिवसताक्षि (१) | १४.३० | ९.८३ | | | |
| ७ | शिवसताक्षि (२,३,४) | २०.२८ | १३.९४ | | | |
| ८ | शिवसताक्षि (५,६) | ८.१० | ५.५७ | | | |
| ९ | शिवसताक्षि (८) | १०.७८ | ७.४१ | | | |
| १० | शिवसताक्षि (९) | १४.४२ | ९.९१ | | | |
| ११ | शिवसताक्षि (७) | २२.३३ | १५.३५ | | | |

स्रोतः नगरपालिका प्रोफायल, २०७५ र जनगणना प्रतिवेदन २०७९

## २.४ नगरपालिकाको मानवीय संसाधन

यस शिवसताक्षी नगर कार्यपालिकामा प्रशासन तथा जनशक्ति व्यवस्थापन, योजना अनुगमन तथा मूल्याँकन, आर्थिक प्रशासन, शिक्षा तथा सामाजिक विकास, शहरी तथा पूर्वाधार विकास, आर्थिक विकास, जनस्वास्थ्य तथा जनसंख्या, आन्तरिक लेखापरीक्षण र वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन गरी जम्मा ९ वटा शाखा र यी शाखाहरु अन्तर्गत ३१ वटा उपशाखा तथा ईकाईहरु रहेका छन् भने यी सबै शाखाहरुमा स्थायी, करार र ज्यालादारी गरी जम्मा १०२ जना कर्मचारी कार्यरत रहेका छन् । यहाँ प्रमुख प्रशासकीय अधिकृतको रुपमा हाल श्री अमृतबहादुर राई कार्यरत हुनुहुन्छ । नगरपालिकाकामा कार्यरत कर्मचारीहरुको विवरण **अनुसूची ४** मा राखिएको छ ।

## २.५ शनगरपालिकाको भौतिक सम्पत्ति

यस नगरपालिकाको आफ्नै भवनमा कार्यपालिकाको कार्यालय संचालनमा रहेको छ भने ११ वडाका आ आफ्नै भवन छन् । नगरपालिकामा चारपांग्रे हलुका सवारी साधन २ वटा, ........ वटा मोटरसाईकल, हेभी सवारी साधन .... वटा, आवश्यक मात्रामा फर्निचर, कार्यालय इकुपमेन्ट रहेका छन् ।

# परिच्छेद-तीन : राजश्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत् रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजश्व अधिकार सम्वन्धि कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ बमोजिम नगरपालिकालाई सम्पत्ति कर, भूमीकर (मालपोत), सवारी साधन कर, मनोरञ्जन कर, घर बहाल कर, विज्ञापन कर, व्यवसाय कर र घर जग्गा रजिष्ट्रेशन दस्तुर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत), दण्ड जरिवाना जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले ती राजस्व अधिकारको थप व्याख्या गरेको अवस्था छ । जस अनुसार शिवसताक्षी नगरपालिका भित्रको घरजग्गाको मूल्यको आधारमा सम्पत्तिकर र मालपोत वा भूमिकर, घरजग्गा वहालकर, पूजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर, रिक्सा, टांगा, अटोरिक्सा, इ रिक्सामा सवारी कर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सींग, प्वाख छालाको व्यवसायिक उपयोगमा जडिवुटि, कवाडी र जीवजन्तुकर, आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन पाउने गरी कानूनी व्यवस्था गरेको छ । त्यसै गरी आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिग, औषधीपसल, प्लटिड, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पंजिकरण, सिफारिस, जग्गा नापजांच, वस्तु तथा सेवा बिक्रि, ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नविकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी संविधान तथा अन्तर सरकारी बित्त हस्तान्तरण ऐन २०७४, राष्टिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय बमोजिम हुने व्यवस्था गरेको छ :

**क) संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी

- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**ख) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- **बिज्ञापन कर :** स्थानीय तहले विज्ञापन कर लगाउने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- मनोरञ्जन कर : मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्क : घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

**ग) प्रदेश तहबाट संकलन भई बाँडफाँड हुने**

- सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिसत पाउने गरी बाँडफाँड हुने ।

## ३.२ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था

**तालिका नं: ३ आन्तरिक आयका परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | छ | छ |
| | एकीकृत सम्पीत्त कर | छ | छ | छ |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छ | छ |
| | घर जग्गा बहाल कर | छ | छ | छ |
| | व्यवसाय कर | छ | छ | छ |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | छैन | छ |
| ख. | अन्य राजस्व | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | छ | छ |
| | नक्सापास दस्तुर | छ | छ | छ |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| | वहाल विटौरी शुल्क | छ | छ | छ |
| | पार्किङ्ग शुल्क | छ | छ | छ |
| | अस्पताल सञ्चालन | छ | छैन | छ |
| | फोहरमैला ब्यवस्थापन शुल्क | छैन | छैन | छ |
| | स्थानीय खानेपानी महसुल | छ | छैन | छ |
| | स्थानीय विद्युत महसुल | छैन | छैन | छैन |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | छैन | छैन | छैन |
| | निर्माण, सञ्चालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडकवत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ | छ | छ |
| | मूल्याङ्कन सेवा शुल्क | छ | छ | छ |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | छ | छ |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छ | छ |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| | दण्ड जरिवाना | छ | छ | छ |

स्रोतः कार्यशाला गोष्ठीमा छलफलका आधारमा, २०७९

### ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ कर राजश्व र गैर कर राजश्व

### क) एकीकृत सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय सरकारलाई २०७५ साउन १ गतेबाट हाल लिदै आएको मालपोत (भूमीकर) कर परिवर्तन गरी अनिबार्य रुपमा एकीकृत सम्पत्ति कर उठाउने पर्ने वाध्यकारी व्यवस्था गरेको भएतापनि सोही वर्ष जारी आर्थिक ऐनले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ संशोधन गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमीकर (मालपोत) लगाउन सक्ने वैकल्पिक व्यवस्था गरेकोले सम्पत्तिकर लाग्ने सम्पत्तिमा सम्पत्तिकर र अन्य सम्पत्तिमा मालपोत वा भूमिकर लनगरदै आइएको छ ।
अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसँगको अन्तरक्रियाको निष्कर्षको रुपमा शिवसताक्षी नगरपालिका क्षेत्रमा वसोवास गर्ने करीव ९० प्रतिसत नागरिकहरुसँग जग्गाको स्वामित्व रहेको तर के कति संख्यामा सम्पत्ति करदाता हुन सक्छन भन्ने सन्दर्भमा शिवसताक्षी नगरपालिकाका क्षेत्रभित्रको जग्गा जमिनको एकिन अभिलेख तयार भइनसकेको, स्वामित्व सम्बन्धी समस्या रहेका जमिन र त्यस्ता जमिनमा निर्माण भएका संरचनाहरुमा सम्पत्तिकरको उपयुक्त बिकल्प वहाल बिटौरी शुल्क लगाउन सकिने सुझावहरु प्राप्त भएको छ । सम्पत्तिकरको प्रारम्भिक संभाव्यता आकलन गर्न मूलतः शिवसताक्षी नगरपालिकाका क्षेत्र भित्र रहेको कूल जनसंख्या, कूल घरधुरी संख्या, औषत परिवार संख्या, सम्पत्तिको स्वामित्व रहेको परिवारको औषत न्युनतम संख्या करयोग्य अचल सम्पत्तिको अनुमानित मूल्यलाई नै आधार बनाउनु पर्ने हुन्छ ।

**तालिका नं. ४ : सम्पत्ति कर अनुमान प्रक्षेपणः**

| करदाता संख्या प्रतिशत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन (रु.) | आर्थिक ऐन, २०७९ अनुसार कर दर प्रतिशत (%) | प्रति घरधूरी सरदर कर | अनुमानित प्रक्षेपण (रु.) |
|---|---|---|---|---|---|
| ४० प्रतिशत | ७२०० | ५,००,००० | एकमुष्ठ ५० | ५० | ३६०००० |
| ३० प्रतिशत | ५४०० | ५०,००,००० | प्रति लाख रु. १० | ४०० | २१६०००० |
| २० प्रतिशत | ३६०० | १,००,००,००० | प्रति लाख रु. २० | १८०० | ६४८०००० |
| ७ प्रतिशत | १२६० | २,००,००,००० | प्रति लाख रु. २५ | ३७५० | ४७२५००० |
| १.५ प्रतिशत | २७० | ३,००,००,००० | प्रति लाख रु. ३० | ८२५० | २२२७५०० |
| १ प्रतिशत | १८० | ५,००,००,००० | प्रति लाख रु. ४५ | २०२५० | ३६४५००० |
| ०.५ प्रतिशत | ९० | पाँच करोडभन्दा माथि | प्रति लाख रु. ५० | २५५०० | २२९५००० |
| **जम्मा** | **१८०००** | | | | २१८९२५०० |

स्रोतः कार्यशाला गोष्ठीमा छलफलका आधारमा, २०७९

शिवसताक्षी नगरपालिकाको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार गत आ. व.मा पनि सम्पत्ति कर वापत लगभग अनुमान गरिए बमोजिम नै कर संकलन भएको प्राप्त विवरणमा देखिन्छ । सम्पत्ति करका कूल करदाता संख्या यकीन र सम्पत्तिको मूल्याँकन भै नसकेको अवस्थामा विगतका वर्षहरुकै अनुपातमा सम्पत्ति करको प्रक्षेपण र सोही अनुरुप असुली हुँदै आएता पनि यसलाई अझ व्यवस्थित गर्नु पर्ने देखिन्छ । जसमा हालै प्रकाशित राष्ट्रिय जनगणनाको तथ्याँकलाई आधार मान्दा यस नगरपालिकामााम १८ हजार भन्दा बढी घरधूरी रहेको विवरण देखाउँछ । यसकारण नगरपालिकाको कूल घरधुरीलाई सम्पत्ति करको दायरामा ल्याई अचल सम्पत्तिको मूल्यांकनका आधारमा उपरोक्त तालिकाको आधारमा ४० प्रतिशत घरधुरीलाई बार्षिक रु. ५०, ३० प्रतिशतलाई बार्षिक रु. ४००, २० प्रतिशतलाई रु.१८००, ७ प्रतिशत घरधुरीलाई बार्षिक रु. ३७५०, १.५ प्रतिशत घरधुरीलाई बार्षिक रु. ८२५०, १ प्रतिशत घरधुरीलाई वार्षिक रु. २०२५० र ०.५ प्रतिशत घरधुरीलाई बार्षिक रु. २५५०० बार्षिक कर लनगरदा बार्षिक रु. २१८९२५०० (अक्षरेपी दुई करोड अठार लाख बयानब्बे हजार पाँच सय) अनुमान गरिएको छ । उपरोक्त अनुमानको आधारमा आ.व २०८०/८१, २०८१/८२ र २०८२/८३ मा सम्पत्ति करको दर १० प्रतिशतले बृद्धि हुने अनुमान समेत गरिएको छ । नगरपालिकाले सवै घरधुरीहरुलाई सम्पत्ति करको दायरामा ल्याई कर तिर्न प्रोत्साहन गर्न सकेमा र दायरामा ल्याउन सकेमा अझ बढि सम्पत्ति कर संकलन हुने देखिन्छ । यो कर प्रणाली कार्यान्वयन गराउनका लागि कर दर र दायरा विश्लेषणको आधारमा लक्ष्य निर्धारण गर्दै तथ्यांक अद्यावधिकका लागि घरधुरी सर्वेक्षण गरी करयोग्य सम्पत्तिको मूल्यांकनका गरी प्रचलित बजार मूल्यसँग तालमेल मिलाउँदै व्यवस्थापकीय क्षमता निर्माण गर्नु अति आवश्यक छ । त्यसैगरी घरको हकमा मुल्य ह्रास दर पनि तोक्नु पर्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

सम्पत्ती कर कार्यान्वयनका लागि नगरपालिकाले सम्बोधन गर्नुपर्ने विषय देहाअनुसार रहेका छन्:

- आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ति कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- कूल करदाता सँख्या र तिनीहरुको सम्पत्तिको मूल्याँकन गरी विवरण अद्यावधिक गर्नु पर्ने । वा
- सम्पत्ती मूल्याकंनमा स्वघोषणा विधिबाट कर व्यवस्थापनबारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ती करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।
- सफ्टवेयर, उपकरण तथा पूर्वाधार तयार गरी नगरपालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणाली ब्यवस्थित गर्ने ।
- सम्पत्ति कर असूलीमा पहिले प्रवर्द्धनात्मक र पछि दण्डात्मक विधि अपनाउन सकिने ।

## ख) मालपोत वा भूमिकर

यस शिवसताक्षी नगरपालिकाको आर्थिक ऐनमा नगरपालिका क्षेत्रभित्र घर जग्गा कर तथा मालपोतलाई एकीकृत गरी अनुसूची १ बमोजिम सम्पत्तिको मूल्याँकन गरी अनुसूची २ बमोजिम गणना गरी सम्पत्ति कर लगाईनेछ भन्ने व्यवस्था गरेको छ । जस अनुसार एउटै शीर्षकमा राजस्व जम्मा हुनु पर्नेमा विगत तीन वर्षमा मालपोत वापत पनि छुट्टै राजस्व संकलन भएको विवरण देखिन्छ । ऐनले नै सम्पत्ति कर र मालपोत (भूमिकर) उठाउन पाउने व्यवस्था भएकाले सोही अनुरुप गर्दा यथार्थ आय थाहा हुने देखिन्छ । मालपोतबाट

आ.व. ०७६।७७ मा रु. २,६६,०००, आ.व. ०७७।७८ मा रु. ३२५०००, आ.व. ०७८।०७९ मा रु. १,५०,००० र चालू आ.व. को चैत्र मसान्ततसम्म १,१८,००० रुपैयाँ राजस्व संकलन भएको देखिन्छ । मालपोत वापत उठेको रकम तुलनात्मक रुपमा कम भएको देखिएता पनि सम्पत्ति करमा एकीकृत रुपमा जम्मा भएकाले यस्तो भएको भन्न सकिन्छ ।

नगरपालिकाले सबै करदाताहरुलाई करको औचित्य पुष्टि गर्दै करको दायरामा ल्याउन प्रयास गरिरहेको देखिन्छ । जसका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५६ आर्थिक ऐन २०७५ को संसोधन मार्फत गरिएको व्यवस्था अनुसार नगरपालिकाले मालपोत वा भूमिकर कार्यान्वयनका गर्न मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने, साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक (अब्बल, दोयम, सिम र चाहार/पाचौं) पहुँच पुगेको (खेत र बारी) स्थानको जग्गा लगायत जग्गाको क्षेत्रफलको मूल्याङ्कनको मालपोत दर निर्धारण गर्ने तथा मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गरी  कर संकलन गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका ठाउँमा बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ति तथा सडकको पहुँच नभएका ग्रामिण क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### ग) घर जग्गा वहाल कर

शिवसताक्षी नगरपालिकाभित्रका कुनै व्यक्तिले भवन, घर,  पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले  बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यो कर स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार शिवसताक्षी नगरपालिकामा नै रहेकोले शिवसताक्षी नगरपालिकाले बहाल रकमको दश प्रतिशत करको दर तोकेको देखिन्छ । विगतको तथ्याँक हेर्दा प्रत्येक वर्ष घर बहाल करवापत असूली रकमको बृद्धि प्रतिशत उच्च रहेको देखिन्छ । नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसूची ३ मा घरबहाल कर सम्बन्धी व्यवस्था रहेको छ । जसमा, पूर्व पश्चिम राजमार्गसँग जोडिएका घरहरु, मूल सडकसँग जोडिएका शाखा पक्कि सडकसँग जोडिएका घरहरु, अन्य भित्री कालोपत्रे सडकसँग जोडिएका घरहरु र अन्य कच्चि सडकसँग जोडिएका घरहरुको प्रति वर्ग फूट न्यूनतम भाडादर तोकेको छ, जस अनुसार मुल्याँकन गरी कर असूली गर्दै आएको छ ।
यसमा पुनरावलोकन गरी भाडामा लगाएका घरहरुको तथ्याँक संकलन गरी कर असूली गर्नु पर्ने देखिन्छ । जस अनुसार अनुमानित घरघूरी संख्या र कर रकम निम्नानुसार सिफारिस गरिएको छ :

**तालिका नं. ५: व्यवसायिक भाडा दरको प्रक्षेपण**

| क्र.सं. | घर भएको स्थान | घर भाडामा लगाउने संख्या | भाडामा लगाइएको अनुमानित क्षेत्रफल (वर्ग फूट) | मूल्याँकन दर रेट (%) | अनुमानित आय | कर वापत उठने रकम (१० %) |
|---|---|---|---|---|---|---|
| १ | पूर्व पश्चिम राजमार्गसँग जोडिएका घरहरु | २५० | १०००००० | १५ | १५०००००० | १५००००० |

| क्र.सं. | घर भएको स्थान | घर भाडामा लगाउने संख्या | भाडामा लगाइएको अनुमानित क्षेत्रफल (वर्ग फूट) | मूल्याँकन दर रेट (%) | अनुमानित आय | कर वापत उठने रकम (१० %) |
|---|---|---|---|---|---|---|
| २ | मूल सडकसँग जोडिएका शाखा पक्कि सडकसँग जोडिएका घरहरु | ५०० | ११०००० | १० | ११०००००० | ११०००० |
| ३ | अन्य भित्री कालोपत्रे सडकसँग जोडिएका घरहरु | ६०० | २००००० | ५ | १०००००० | ५००००० |
| ४ | अन्य कच्चि सडकसँग जोडिएका घरहरु | २०० | १००००० | २ | २०००००० | ४००००० |
| ६ | **जम्मा** | **१५५०** | **२४०००००** | | **२९००००००** | **३५००००** |

स्रोतः कार्यशाला गोष्ठीमा छलफलका आधारमा, २०७९

घरवहाल करालाई प्रभावकारी वनाउन शिवसताक्षी नगरपालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ :

- स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- घर जग्गा बहाल कर लगाउने र उठाउने सम्बन्धी कानूनको निर्माण गरी लागु गर्ने ।
- घर वहाल कर नतिर्ने घरधनीलाई शिवसताक्षी नगरपालिकाबाट प्राप्त हुने अत्यावश्यक बाहेकका सुविधावाट बञ्चित गर्ने नीति लिने ।
- स्थलगत रुपमा घर बहाल उठाउन शुरु गर्ने ।

तसर्थः घर वहाल करलाई प्रभावकारी वनाउन नगरपालिकाले राजश्व परामर्श समितिको अनुगमन भ्रमण बढाउने, कर तिरे वापत हुने फाइदाका सम्बन्धमा जानकारी गराउने, समयमै कर बुझाउनेलाई पुरस्कारको घोषणा गर्ने, करका विषयमा आम संचारका माध्यम प्रयोग गरि करदाताहरुको सचेतना अभिबृद्धि गर्ने, स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार/अद्यावधिक गर्ने तथा घर जग्गा बहाल कर सम्बन्धी कार्यविधि निर्माण गरी लागु गर्नुका साथै घरवहाल तिर्न प्रोत्साहन गरी राजश्वमा वृद्दि गर्न सकिन्छ ।

## घ) व्यवसाय कर र रजिष्ट्रेशन दस्तुर

नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजँजीत लगानी र आर्थिक कारोवारका आधारमा कर लगाइने र असूल उपर गरिनेछ । व्यवसाय कर शिवसताक्षी नगरपालिकाको प्रमुख आयको रुपमा लिन सकिन्छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यबसायहरुलाई बर्गीकरण गरी व्यवसाय कर लगाउन सक्दछ । व्यवसाय करको दर नगरसभाले स्वीकृत गरेको आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस नगरपालिकाले पनि विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । आर्थिक ऐन २०७९ को अनुसूची ४ मा व्यवसाय करका बारेमा व्यवस्था गरिएको छ । जसमा विभिन्न क्षेत्रका व्यवसाय करका लागि लगानी रकम बमोजिमको कर निर्धारण गरिएको छ । नगरपालिकामा व्यवसाय सम्बन्धी अद्यावधिक तथ्यांक नभएता पनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया र

स्थालगत अनुगमनको आधारमा नगरपालिका क्षेत्रभित्र करिब १२५० वटा साना, मझौला तथा ठूला पसल व्यवसाय, उद्योगधन्दाहरु भएको अनुमान गरिएको छ । व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत नगरपालिकाको विगत तीन वर्षको आय अध्ययन गर्दा आ.व. ०७६।७७ मा भन्दा आ.व. ०७७।७८ मा दोब्बर राजस्व रकम असूल भएको देखिन्छ भने आ.व. ०७८।७९ मा अघिल्लो आ.व. भन्दा रु. एक लाख कम राजस्व उठती देखिन्छ । आ.व. ०७९।८० को चैत्र मसान्तसम्ममा अघिल्लो आ.व. मा उठेको रकम भन्दा बढी राजस्व संकलन भएको देखिन्छ । तर आम्दानी बाँध्दा सबै व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा राखिएकाले यसमा कर र दस्तुर छुट्याएर राख्नु पर्ने देखिन्छ । व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धमा स्थलगत भ्रमण गरी दर्ता तथा नवीकरणको कार्य गर्न सकेमा आगामी आ.व. देखि यस शीर्षकमा उल्लेख्य रकम असूल गर्न सकिने देखिन्छ । गतमा आ.व.हरुमा नगरपालिकाले यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन नगरपालिका भित्र हुने व्यवसायलाई कारोवारका आधारमा वर्गीकरण गरी निम्न अनुसारको कर असूल गर्न सकिने देखिन्छ ।

**तालिका नं. ६ : व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण**

| क्र.सं. | व्यवसायको अनुमानित लगानी विवरण | अनुमानित संख्या | करको सरदर दर | अनुमानित आय |
|---|---|---|---|---|
| १ | १० लाख सम्म (६० प्रतिसत) | ५०० | १००० | ५००००० |
| २ | १० देखि २० लाख सम्म (२० प्रतिसत) | ४०० | २००० | ८००००० |
| ३ | २० देखि ५० लाख सम्म (१० प्रतिसत) | २०० | ४००० | ८००००० |
| ४ | ५० लाख देखि ७० सम्म (५ प्रतिसत) | १०० | ६००० | ६००००० |
| ५ | ७० लाख देखि १ करोड सम्म (५ प्रतिसत) | ५० | १०००० | ५००००० |
| | जम्मा | १२५० | | ३२००००० |

स्रोतः कार्यशाला गोष्ठीमा छलफलका आधारमा, २०७९

**सुधारका पक्षहरूः**

व्यवसाय करलाई थप वैज्ञानिक र प्रभावकारी वनाउन देहायका कार्यहरु गर्न सकिन्छ :

- व्यवसाय कर सम्वन्धी आवश्यक सूचनासहितको व्यवसायहरुको यथार्थ विवरण संकलन तथा लगत अध्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धमा उद्योग वाणिज्य संघसँग समन्वय गर्ने ।
- कर तिर्ने व्यवसायीको "व्यवसायी संकेत नं." कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला, मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी करको दर निर्धारण र परिमार्जन गर्ने ।
- स्थलगत रुपमा व्यवसाय कर संकलन गर्ने ।

### ङ ) विज्ञापन कर

नगरपालिका क्षेत्र भित्र हुने बिज्ञापनमा आर्थिक ऐनको - २०७९ को अनुसूचि ११ मा विज्ञापन शुल्क तथा दस्तुर सम्बन्धी दररेट निर्धारण गरिएको छ । आ.व. ०७९।८० मा विज्ञापन कर वापत रु. ३,७२,७५० प्रक्षेपण गरिएकोमा ०७९ चैत्र मसान्तसम्म रु. ४,१०,०२५ असूली भई सकेको छ । नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्छ । तर, संघीय कानुन अनुसार यो कर शिवसताक्षी नगरपालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिसतका दरले बाँडफाँड हुने व्यवस्था छ । विगत तीन वर्षमा यस नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन भएको अवस्था देखिदैन । नगरपालिकमा यस्ता विज्ञापनको लागि उपयुक्त वोर्ड राख्ने स्थान स्टल तथा कन्सर्ट गर्ने उपयुक्त स्थान के कति संख्यामा छ भन्ने विवरण उपलव्ध गराई कर संकलन गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिका क्षेत्रभित्र रहेका बिज्ञापन वोर्ड तथा अन्य व्यापारिक बिज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने,
- बिज्ञापन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।
- बिज्ञापन को प्रकृति ,ढाचा हेरी करको दर निर्धारण गर्ने ।
- बिज्ञापन सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरुको यर्थाथ तथ्यांक संकलन र अध्यावधिक गर्ने ।

### च) वन तथा जडिबुटी

नगरपालिका क्षेत्र भित्र पर्ने सामुदायिक वनबाट विभिन्न जडिबुटीजन्य वनस्पतिहरु पहिचान गरी तिनीहरुको विक्रीबाट आम्दानी गर्न सकिन्छ । यस नगरपालिका क्षेत्रभित्रका जंगलमा कुरिलो खेती लगायत अन्य प्रजातिका जडिबुटीहरुको खेती हुन सक्ने देखिन्छ भने सतासीधाम मन्दिर आसपासमा सतुवा, तिते, समायो, बोभ्रो, कटुकी जस्ता जडिबुटिहरु पाईन्छन । यसको उचित उत्पादन र प्रशोधन तथा प्रवर्धन नहुदा यस्ता जडिबुटी खेर गईरहेको पाईन्छ । जडिबुटीहरुको उचित प्रशोधन तथा प्रवर्धन गर्न सकेमा यस क्षेत्रमा आर्थिक, रोजगारी तथा राजश्वमा वृद्दि गर्न सकिने देखिन्छ । यसैगरी नगरपालिका क्षेत्र भित्र पर्ने वन जंगलमा लडेका र कानुन बमोजिम बिक्री वितरण गर्न मिल्ने रुखहरुको कटान गरी कर संकलन गर्न सकिने संभावना देखिन्छ । नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलति काननुले निषेत गरेको जंगली जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसावयक कारोवार गरेवापत अनुसूची ४ बमोजिम कर लागइने र असूल उपर गरी संकलन गर्न सकिने सम्भावना देखिन्छ ।

### छ) कृषि तथा पशुपंक्षि

शिवसताक्षी नगरपालिका क्षेत्र भित्र कृषि, पशुपंक्षि र साना तथा घरेलु उद्योग संचालन गर्न सकिने संभावना रहेको छ । कृषिमा धान, गहुँ, मकै, दलहल, नगदे बालीमा विभिन्न मौसमी तथा बेमौसकी तरकारी खेती, पशुपंक्षिमा बाखा पालन, बँगुर पालन, कुखुरा, हाँस आदी, जनावरको हाडखोर, प्वाँख खाला, नङग्रा सिंङ र रौं आदि जस्ता उत्पादनलाई प्रोत्साहन र कृषिमा व्यवसायिक बनाउन कार्यकम तथा बजेट व्यवस्थापन गरी व्यवसायिक कारोवार गरेवापत अनसूीच ४ बमोजमिको कर लगाइने र कर संकलन गर्न सकिनेछ ।

नगरपालिकाको विगत तीन वर्षको आयको अध्यन गर्दा कृषि तथा पशुजन्य व्यवसायको कारोवार वापत नगन्य मात्रामा कर संकलन भएको देखिन्छ ।

### घ) वहाल विटौरी

शिवसताक्षी नगरपालिकाले वहाल विटौरी करका लागि आर्थिक ऐन ०७९ को अनुसूची १३ मा तोकेको शुल्क तथा दस्तुर अनुसारर सार्वजनिक तथा ऐलानी जग्गामा स्थायी संरचना बनाई बसेको हकमा अनुसूची १ को मूल्याँकनमा अनुसूची ३ बमोजिमको गणना गर्दा हुने वापतको रकम भन्नाले एकीकृत सम्पत्ति कर बराबर रकम असूल गर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । न.पा. को विगत ३ वर्षको आयमा बहाल विरौटी कर वापत आ.व. ०७६।७७ मा रु. ११० हजार, आ.व. ०७७।७८ मा रु. ९९८ हजार, आ.व. ०७८।७९ मा रु. १९९ हजार र आ.व. ०७९।८० को चैत्र मसान्तसम्म रु. १६२६ हजार संकलन भएको देखिन्छ । शीर्षकगत आय प्रविष्टिमा त्रुटी नभएमा ०७७।७८ मा अघिल्लो आ.व. भन्दा भण्डै नौ गुणा बढी कर असूली भएको देखिन्छ भने ०७८।७९ मा अघिल्लो आ.व.को भन्दा सोही अनुपातमा कम कर संकलन भएको देखिन्छ भने चालू आ.व. को चैत्र मसान्तसम्म उल्लेख्य अर्थात अघिल्लो आ.व. भन्दा आठ गुणा बढी कर असूल भएको देखिन्छ । यसर्थ बहाल विरौटी करको व्यवस्थामा ध्यान दिन सके यसबाट पछि फर्कनु पर्ने अवस्था देखिँदैन ।

## ३.३.२ गैर राजश्व

### क) अन्य सेवा शुल्कहरु

शिवसताक्षी नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरुलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप नगर सभाले विभिन्न सेवाहरुको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरु संकलन गरिरहेको छ । आर्थिक ऐन ०७९ को अनुसूची ९ र १२ मा नगरपालिकाबाट सेवा प्रवाह गरे वापत विभिन्न शीर्षकका सेवा शुल्कहरुको दररेट प्रस्तुत गरिएको छ । जसमा फोहरमैला व्यवस्थापन, अमिन सेवा, पार्किङ शुल्क, विद्युत सेवा शुल्क लगायत अन्य प्रशासनिक सेवा शुल्क अन्तर्गत नगरपालिकाले यी बिषय सेवा शुल्क संकलन गरी रहेको पाईन्छ । विगत तीन वर्षको आयको विश्लेषण गर्दा आ.व. ०७९।८० को चैत्र मसान्तसम्म विगतका वर्षहरुको तुलनामा अत्याधिक बढी मात्रामा राजस्व संकलन भएको छ । आ.व. ०७५।७६ मा २८३ हजार रुपैयाँ संकलन भएकोमा पछिल्लो आ.व.मा शुन्य आम्दानी देखिन्छ भने आ.व. ०७७।७८ र ०७८।०७९ मा क्रमशः ६४ र ६६ हजार रुपैयाँ राजस्व संकलन भएको देखिन्छ । यसथै यस शीर्षकबाट आगामी वर्षहरुमा सन्तोषजनक रुपमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

### ख) दस्तुरहरु

दस्तुरहरु अन्तर्गत नगरपालिकाले प्रदान गर्ने सेवाहरु - घर नक्सा पास तथा नियमित गर्ने दस्तुर, नामसारी दस्तुर, पञ्जिकरण दस्तुर, आय हैसियत दस्तुर, आय मूल्याँकन दस्तुर लगायत संघसंस्था, समुह तथा व्यवसाय संचलान दर्ता, ठाउँसरी, अद्यावधि र बन्द सिफारिस, इजाजत सिफारिस, मिलापत्र कागज /उजुरी दर्ता, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाज र योजना तथा कार्यक्रमको लागि सिफारिस लगायतका अन्य विभिन्न सिफारिसहरु गरे वापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख

आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ । आर्थिक ऐनको अनुसूची ९ मा यसका दररेट सम्बन्धी व्यवस्था गरिएको छ । नगरपालिकाको विगत तीन वर्षमा उठेका दस्तुरहरुको विश्लेषण गर्दा सबैभन्दा बढी नक्सापास दस्तुरबाट राजस्व संकलन भएको देखिन्छ । यसपछि व्यक्तिगत घटना दर्ता, नाता प्रमाणितबाट बढी रकम असूल भएको देखिन्छ । यसर्थ यी शीर्षकहरुमा आगामी वर्षमा राजस्व असुली बढदै जाने देखिन्छ ।

**सुधारका पक्षहरू:**

नगरपालिकाले हाल कायम गरेका सेवा शुल्क दस्तुरका कतिपय शिर्षकहरुमा समय सापेक्ष परिमार्जन गर्दै लान सके यसबाट नियमित रुपमा राजस्व संकलन हुने देखिन्छ :

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।
- त्यसै गरी नगरालिकाबाट गरिने सिफारिसलाई “एक पटक दिने र वारम्बार दिने” गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ ।

## ग) पर्यटन

शिवसताक्षी नगरपालिका भित्र पर्यटकीय क्षेत्रहरु रहेका तर हालसम्म कुनै प्रकारको दस्तुरको व्यवस्था नभएकाले यसबाट हालसम्म नगरपालिकाले आम्दानी गर्न सकेको छैंन् । सताक्षीधाम, दोमुखा, मिल्लागाढ, स्वीमिङ पुल (दोमुखा), फन पार्क (झिलझिले) आदीबाट सेवाशुल्क लिन सकेमा नगरपालिकको आम्दानीमा बृद्धि भई यी स्थानहरुको पूर्वाधार विकास गर्नमा समेत सहयोग पुग्ने देखिन्छ । यस नगरपालिका भित्र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न माथि उल्लेखित स्थानका अलावा नयाँ पर्यटकिय क्षेत्र र स्थानको पहिचान र प्रवर्धन गर्न पार्क तथा मनोरञ्जन स्थलहरुको निर्माण, भौतिक तथा पुर्वाधार स्तोरनति गरी स्थानिय, आन्तरिक र बाह्य तथा अन्तराष्ट्रिय नागरिकलाई विभिन्न शुल्क वर्गीकरण गरी त्यसबाट नी नगरपालिकाले आन्तरिक आय वृद्धि गर्न सकिने देखिन्छ । हालसम्म पर्यटन शुल्क वापत राजस्व संकलन भएको अवस्था देखिँदैन ।

## घ) आन्तरिक आयका सम्भावित नयाँ क्षेत्रहरु

हालसम्म व्यवस्थित रुपमा राजस्व संकलन गर्न नसकिएको वा आंशिक रुपमा मात्र राजस्व संकलन गर्न सकिएका वा हालसम्म कुनै पनि राजस्व संकलन गर्न नसकिएका तपसिल बमोजिमका क्षेत्रहरुबाट राजस्व संकलनको शुरुवात गर्नु पर्ने देखिन्छ ।

- पूर्व पश्चिम राजमार्गको उत्तर तर्फको ऐलानी जग्गामा निर्मित तथा नयाँ कबल टहरा निर्माण गरी बहाल विरौटी कर लिन सकिने ।

- चिलागढमा धार्मिक तथा पर्यटकीय स्थल निर्माण गरी आम्दानी गर्न सकिने ।

- माईधारको आसपल प्लान्टबाट शुल्क उठाउन सकिने ।
- दमकल प्रयोग वापत शुल्क लिन सकिने ।
- दोमुखा पर्यटकीय क्षेत्रबाट मनोरञ्जन शुल्क लिन सकिने ।
- दोमुखाको स्वीमिंग पुल ठेक्का लगाई संचालन गर्न सकिने ।।
- सतासीधाम धार्मिक क्षेत्रबाट पार्किङ्ग शुल्क, सरसफाई शुल्क लिन सकिने
- कृषि बजार भवन, वडा नं. ६ लाई भाडामा प्रयोग गर्न दिई भाडा लिन सकिने ।
- झिलझिले बसपार्कमा सटर भाडामा लगाउन सकिने ।
- सरसफाई शुल्क हालसम्म निर्धारण गरिए पनि उठाउन नसकिएकोले यसलाई व्यवस्थित गर्नु पर्ने ।
- ल्याण्डफिल साईटमा रहेको मेशिनबाट फोहरमैला जलाउने तथा व्यवस्थापन गर्ने कार्यबाट आम्दानी गर्न सकिने ।
- फनपार्क (झिलझिले) को टिकट विक्रीबाट न.पाले मनोरञ्जन कर लिन सक्ने ।
- ढुँगा, गिटी र बालुवा क्षेत्र विस्तार (स्टक समेत) बाट विक्रीकर लिन सकिने ।
- अन लाईन मार्फत कर लिने व्यवस्था गर्न ििकने ।
- फोहरमैला व्यवस्थापन शुल्क लिन सकिने ।
- वन पैदावार विक्रीबाट आम्दानी गर्न सकिने ।
- धर्मशाला तथा सामुदायिक भवन उपयोग शुल्क लिन सकिने ।
- सताक्षीधाम धार्मिक तथा पर्यटकीय स्थल क्षेत्रमा मठ मन्दिर, पिक्निक स्थल निर्माण गरी सेवा शुल्क उठाउन सकिने ।
- कन्काई माई नदी छेउमा नदी किनारा संरक्षण, रमणीय पार्कको निर्माण गरी सो क्षेत्रबाट राजस्व संकलन गर्न सकिने ।

# परिच्छेद - चार : राजस्व संकलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१ राजस्व परामर्श सम्वन्धि नीति

नगरपालिकाको राजस्व परिचालन संयत्र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि नगरपालिका उपप्रमुख श्री नरमाया कार्कीज्यूको संयोजकत्वमा देहाय बमोजिमको ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका नं.७ : राजस्व परामर्श समितिकने संस्थागत संरचना**

| क्र.स. | पदाधिकारीहरुको नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री नरमाया कार्की | संयोजक | उपप्रमुख |
| २ | श्री अमृत बहादुर राई | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | श्री मनोज खुलाल | सदस्य | वडा अध्यक्ष वडा नं. ६ |
| ४ | श्री मुना कुमारी तामाङ | सदस्य | कार्यपालिका सदस्य |
| ५ | श्री प्रकाश योङहाङ | सदस्य | लेखा अधिकृत |
| ६ | श्री यामनाथ काफ्ले | सदस्य | उ.वा.संघ, अध्यक्ष |
| ७ | श्री बद्रीकुमार दाहाल | सदस्य सचिव | राजस्व शाखा प्रमुख |

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम गठित राजस्व परामर्श समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन र सोको परिपालनका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने, राजस्वका श्रोत, दायरा र दर समेत विश्लेषण गरी आगामी आ.व.मा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण अनुमान गर्ने, स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने, कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने तथा राजस्व प्रशासन सुधारका लागि अन्य आवयक परामर्श दिने काम गरिरहेको छ । यसका लागि समितिले आवश्यकता अनुसार विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी आफ्नो राय परामर्श कार्यपालिकामा पेस गर्ने गरेको छ । नगरपालिकाको आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति निम्न अनुसार रहेको छ :

- राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत)

- सम्पत्ति कर, भूमिकर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भुमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर,
- बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर,
- प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड,
- संकलन र नियमन, अन्य आय व्यवस्थापन
- सार्वजनिक खर्च तथा प्राकृतिक  स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड
- तथा नियमन र  सोको संङ्कलन तथा बाँडफाँड
- आफ्नो क्षेत्रभित्र राजश्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानुन बमोजिम प्राकृतिक
- श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संङ्कलन, समन्वय र नियमन
- स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन,
- शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन)
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको
- सर्वेक्षण, अन्वेषण, उत्खनन र  सो सम्बन्धी रोयल्टी संङ्कलन
- सामुदायिक वनको संञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संङ्कलन
- कुलो, पैनी जस्ता सेवा संञ्चालनबाट प्राप्त रोयल्टी संङ्कलन

## ४.२ आय संकलनको संस्थागत क्षमता

नगरपालिकाको विगत बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । नगरपालिकाको विगत आ.व.का राजस्व संकलन र चालु आ.व.को चैत्र मसान्तसम्मको आयको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८ : नगरपालिकाको विगतका वर्षहरुको राजस्व संकलनको अवस्था**

**रु. हजारमा**

| आय शिर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० चैत्र मसान्त सम्म |
|---|---|---|---|---|
| **क. आन्तरिक आय** | | | | |
| आान्तरिक राजश्व (आन्तरिक आय ) | २८०६६ | २७१५१ | ३१४३३ | ३४९४७ |
| गत वर्षको बजेट (आन्तरिक आय ) | | | | |
| धरौटी जम्मा | १६७८० | १०१४० | १०७८० | |
| धरौटी मौज्दात | १७७६८ | २१७२५ | २१८७४ | |
| **ख. राजस्व बाँडफाँड** | | | | |
| संघीय राजस्व बाँडफाँड | ७९९६६ | १०७७५६ | १२४५४८ | |
| रोयल्टि संघीय | | २३५ | ४२ | |
| प्रदेश राजस्व बाँडफाँड | ८३०३ | १२३२७ | ११७०२ | |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | | |

| आय शिर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को यथार्थ आय | २०७९/०८० चैत्र मसान्त सम्म |
|---|---|---|---|---|
| संघीय सरकार | | | | |
| संघीय समानिकरण अनुदान | १७६६०० | १७३००० | १८६४०० | |
| संघीय सर्शत अनुदान | २९७६७७ | ३७३४८९ | ४११३३३ | |
| संघीय सर्शत अनुदान ( सामाजिक सुरक्षा) | २०२८२४ | २०९७४८ | २७९३८४ | |
| संघीय विशेष अनुदान | | | २४९०० | |
| संघीय समपुरक अनुदान | | ४०००० | १९७०० | |
| प्रदेश सरकार | | | | |
| प्रदेश समानिकरण अनुदान | ७८३२ | ७७९१ | ११०२० | |
| प्रदेश सर्शत अनुदान | ३९४७० | | १९१५५ | |
| प्रदेश विशेष अनुदान | २०९१ | १०० | | |
| प्रदेश समपुरक अनुदान | १०००० | १०००० | १०००० | |
| जम्मा | ८८७३७७ | ९९३४६२ | ११६२२७१ | |

**स्रोतः शिवसताक्षी नगरपालिका, २०८०**

### ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने, वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा विश्लेषण गर्दा हाल नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- राजस्वसम्बन्धी कामकाजका लागि प्रशासनिक रुपमा राजस्व शाखा गठन भई काम गरिरहेको ।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रर्याप्त नरहेको ।
- राजस्व संकलन कार्यका लागि नगरपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्फ्टवेयर जडान भएको ।
- राजस्व संकलनमा वडास्तरमा कम्प्युटर विलिङ्ग प्रयोग भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले संकलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन अपेक्षित रुपमा नभएको ।

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरु

संविधान तथा कानून प्रदत्त नगरपालिकाको वित्तीय अधिकार अनुरुप राजस्व परिचालनमा सुधार पुर्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरुमा नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर र दायरा तथा बक्यौता असूली आदि रहेका छन् । यस नगरपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क) नीतिगत तथा कानुनी अवस्था :

नगरपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरु नगरसभाबाट पारित भएको तर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सम्पत्ति कर सम्बन्धी नीति तर्जुमा गरी यस नगरपालिकाको आन्तरिक आयको मुख्य स्रोतका रुपमा देखिएका सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, सेवाशुल्क सम्बन्धी दर र सबै करदातालाई करको दायरामा पुर्याउन करदाताको अभिलेखिकरण र कर सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

ख) कानूनी द्विविधा :

कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन् । उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने बन ऐन, २०७६ मा यस सम्बन्धमा कुनै कुरा उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा २० प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा १० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरुको दर्ता नवीकरण लगायतका कार्यहरु प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्न गएको छ । यसरी कानूनहरूका बीच तालमेल नहुंदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेको छ ।

(ग) राजस्व प्रशासन :

नगरपालिकामा हाल एक जना सहायक पाचौं र दुई जना सहायक चौथोबाट राजस्व शाखा संचालन भएको देखिन्छ । राजस्व प्रशासन सुदृढ गर्न कम्तिमा एक जना अधिकृतस्तरको दरवन्दी सृजना गरी

दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्दै राजस्व शाखालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । राजस्व प्रशासनसँग सम्बन्धित नगरपालिका तथा वडास्तरका कर्मचारीहरुलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजस्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरुको समेत क्षमता अभिबृद्धि गरी वडा कार्यालयहरु मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै अनलाईन तथा बैंकिङ प्रणालीबाट राजस्व बुझाउने व्यवस्था गर्न सके राजस्व असुली चुस्त दुरुस्त हुने देखिन्छ ।

वडा कार्यालयहरुबाट असूल भएको राजस्व दाखिला गर्दा एकमुष्ट दाखिला नगरी कुन शिर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्नु पर्दछ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यसरी फारामको आधारमा शिर्षकगत

राजस्व खातामा आम्दानीको अभिलेख राख्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

घ. अन्य सवालहरु

- तुलनात्क रुपमा करका दर बढी भएको ।
- घरेलु कार्यालय, कर कार्यालय र नगरपालिकालाई समेत व्यवसाय कर तिर्नु पर्दा दोहोरो कर भएको ।
- कर तिर्ने र कर नतिर्ने वीच भिन्नता नदेखिएको ।
- कर भुक्तानी गर्नेतर्फ करदाताहरु उदासिनता ।
- घर तथा जग्गाहरुको मूल्याँकन प्रयोजनका आधारमा अलग अलग हुने गरेको ।
- राजस्व प्रशासन अनलाइन तथा डिजिटलाइज हुन नसकेको
- सम्भावित करदाताहरुलाई कर संजालमा पुर्याउन गाह्रो
- निजी क्षेत्रहरु राजस्व वृद्धि हुने क्षेत्रहरुमा लगानी गर्न अनिच्छुक
- करको दायरा विस्तार गर्न कठिन

# परिच्छेद-पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरुका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ राजश्व सुधार कार्ययोजना

यस अध्ययनबाट देखिएका राजस्वका संभावनाहरुलाई कार्यान्वयन गरी शिवसताक्षी नगरपालिकाको राजस्वमा सुधार ल्याउनको लागि देहाय बमोजिमका सुधार कृयाकलापहरु संचालन गर्न प्रस्ताव गरिएको छ ।

### ५.१.१ कर राजस्व सुधार योजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेका छन् । उपरोक्त करहरुको सुधारका लागि नगरपालिकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

*क) उद्देश्य :*

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर संकलनमा प्रभावकारिता पुर्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई नगरपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

*ख) रणनीतिहरु*

१ कर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा पुर्याउने ।

२ कर तिर्ने अभ्यास विकास गर्न नागरिकलाई प्रोत्साहित गर्ने

३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने

४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने

५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्ष वनाउने

६ संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने

*ग) कार्यनीतिहरु*

रणनीति- १ अन्तर्गतको कर राजस्व परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु

१. नगरपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समय सापेक्ष वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा नगरपालिकाको आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।

२. कर राजस्व र गैरकर राजस्व सम्वन्धी व्यवस्थापनका लागि ऐन तर्जुमा गरी कार्यान्वयनमा पुर्‍याईनेछ । यसैका आधारमा जडीवुटी कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत संकलन (वालुवा, गिट्टी, ढुङ्गा, दहत्तर वहत्तर) लगायतका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा पुर्‍याईनेछ ।

३. नगरपालिका भित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय साना सवारी साधन सञ्चालन सम्वन्धी कार्यविधि निर्माण गरिनेछ ।

५. स्थानीय पूर्वाधार सेवा (खानेपानी, स्थानीय सडक, स्थानीय विद्युत) उपयोगवाट राजस्व संकलनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा पुर्‍याईनेछ ।

*रणनीति २ को कर तिर्ने अभ्यास विकासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु*

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।

३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

४. ठूला करदाताहरुलाई नगरँपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।

थ. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।

६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु

१. करदाता पहिचानका लागि घरधुरी सर्वेक्षण एवं तथ्याङ सङ्कलन गरिनेछ ।

२. सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, कवाडी एवं जीवजन्तु कर लगायतका करदाताहरुको अभिलेख खण्डीकृत र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।

३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।

४. नगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गरिनेछ ।

५. नगरपालिका भित्र नियमित सञ्चालित स्थानीय साना सवारी साधनलाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।

६. राजस्व शाखामा तथ्याङ्कहरु अभिलेखका लागि कम्प्युटर सफ्टवेयर प्रयोगमा पुर्‍याई संचालनमा रहेको विद्यमान अभिलेखीकरण प्रणालीलाई अद्यावधिक गरिनेछ ।

*रणनीति ४ को कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु*

१. राजस्व सङ्कलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।

२. राजस्व संकलन तथा भुक्तानीका लागि डिजिटाइज गरिने छ ।

३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सेवा उपलव्ध गराइनेछ ।

४. संकलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

*रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु*

१. राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।

२. कर वृद्धिका लागि नयाँ नयाँ क्षेत्रहरु पहिचान गरिनेछ । करको दररेटलाई सक्दो न्यून वनाउदै दायरा फराकिलो पारिनेछ ।

३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गरिनेछ र सोका आधारमा करदर निर्धारण गरिनेछ ।

४. व्यवहारिक एवं वैज्ञानिकताका लागि विद्यमान करदरलाई परिमार्जन एवं संशोधन गरिनेछ ।

५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।

६. कवाडी, जीवजन्तुको छाला खुर आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।

७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

*रणनीति ६ को संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु*

१. संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्रवारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ ।

२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, प्राविधिक शिक्षालय, अस्पताल, कृषि उपज संकलन केन्द्र, पर्यटकीय स्थलहरु निर्माणहरुमा लगानी गरी राजस्व अभिवृद्धि गरिनेछ ।

३. वहुउद्देश्यीय उपयोगका अवधारणामा वडा कार्यालयहरुलाई प्रयोग गरी अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ ।

४. कृषि र गैर वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

**तालिका ९ : कर राजस्व सुधार कर्य योजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सम्पत्ति कर | - करको दररेटलाई सुक्ष्म अध्ययन गरी व्यवस्थित र वैज्ञानिक बनाउने ।<br>- सम्पत्तिको विववरण संकलन र मूल्याँकन अद्यावधिक गर्ने ।<br>- वडा कार्यालयबाट समेत कर लिन सक्ने अवधारणा अनुसार नेटवर्किङमा आधारित वेभवेस्ड सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>- वडा कार्यालय मार्फत सम्पत्ति करका विषयमा जनचेतना कार्यक्रम संचालन गर्ने<br>- कर असूलीमा प्रवर्द्धनात्मक विधि अलबम्बन गर्ने । | २०८० माघ मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, आन्तरिक राजस्व शाखा, वडा कार्यालयहरु |
| व्यवसाय कर | - उद्योग वाणिज्य संघसँग समन्वय गरी व्यवसायीहरुको वर्गीकरण गर्दै व्यवसायको प्रकृति हेरी व्यवसायीहरुको लगत तथ्याँक तयार गर्ने ।<br>- व्यवसायीहरुलाई कर सम्वन्धी १ दिने अभिमुखीकरण आयोजना गर्ने ।<br>- दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने<br>- निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने<br>- कर छुट तथा सहुलियतको व्यवस्था गर्ने<br>- अनलाईन भुक्तानीको व्यवस्था मिलाउने | २०८० असार मसान्त भित्र | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, आन्तरिक राजस्व शाखा, वडा कार्यालयहरु |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - रजिष्ट्रेशन गर्नुपर्ने संघसंस्थाहरुको विवरण संकलन गर्न वडा वडामा शिविर संचालन गर्ने र त्यहि शिविरमा व्यवसाय रजिष्ट्रेसन गरि प्रमाण पत्र दिने ।<br>- व्यवसाय करको दर परिमार्जन गर्ने । | | |
| घर वहाल कर | - आर्थिक ऐनमा भए बमोजिम घर भाडामा लगाउने घरधुरीको वर्गीकरण, तथ्याँक संकलन तथा नम्वरीङ गर्ने<br>- वडागत रुपमा कर संकलनको व्यवस्था गर्ने<br>- घर बहाल कर सम्बन्धमा स्थलगत अनुगमन गर्ने । | आ.व. ०८० पौष मसान्त भित्र | आन्तरिक राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालयहरु |
| सवारी कर | - दर्ता, अनुमति तथा शुल्क अद्यावधिक गर्ने<br>- संचालनको अनुमति र रुट परमिट निर्धारण | ०८० माघ मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| विज्ञापन कर | - नगरपालिकाको विद्यमान विज्ञापन सामाग्री र त्यस सम्वन्धि बिषयको अध्ययन गर्ने<br>- विज्ञापन करको कार्यविधि तर्जुमा, वर्गिकरण, सामाग्री र आकार बमोजिम शुल्क निर्धारण गर्ने<br>- स्थलगत रुपमा लगत संकलन तथा कर असूली | ०८० असोज मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| मनोरञ्जन कर | - विभिन्न किसिमका मनोरञ्जनका क्रियाकलापहरुको संचालन गर्ने संस्थाको पहिचान, सुचिकरण ।<br>- मनोरञ्जन करका दर निर्धारण,<br>- नियमित कर असूली । | ०८० आश्विन मसान्तभित्र | राजस्व शाखा |
| अन्य कर | - हालसम्म तर्जुमा भई नसकेको नीति तर्जुमा तथा सेवाको वर्गीकरण गर्ने ।<br>- सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>- जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>- कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा | आ.व. २०७९/८० भित्र | राजस्व पारमर्श समिति |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>- प्राकृतिक श्रोत तथा बन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समभ्रुदारीमा संचालन गर्ने । | | |

### ५.१.२ गैरकर राजस्व सुधार योजना तर्जुमा

यस योजना अन्तर्गत नगरपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्याँकन जस्ता सेवा सुविधाहरु उपलव्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

*क) उद्देश्य :*

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलव्ध गराई नगरपालिकाको आन्तरिक आयमा वृद्धि पुऱ्याउनु ।

*ख) रणनीति*

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।

२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।

३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

*ग) कार्यनीतिहरु*

रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, दहत्तर, वहत्तर आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा पुऱ्याइनेछ ।

२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा पुऱ्याइनेछ ।

३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।

४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा पुऱ्याइनेछ ।

*रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु*

१. राजस्वका आधारक्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरी लगत अद्यावधिक गरिनेछ ।

२. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा पुऱ्याइनेछ ।

३. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।

४. निजीक्षेत्र, सहकारी संस्थासंगको सहकार्यमा फोहोरमैला व्यवस्थित गरिनेछ ।

*रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु*

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।

२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।

३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।

४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

**तालिका १० : गैरकर राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **(क) कर तथा गैह्र कर राजस्व** | | | |
| वहाल विटौरी शुल्क | - सरकारी जग्गाहरु, सरकारी जग्गामा बनेका संरचनाको अभिलेख तयार गरी वार्षिक ठेक्का लगाउने ।<br>- लालपुर्जा तथा आवश्यक कागजात नभएको जग्गामा निर्माण भएको संरचनाको विवरण संकलन, मूल्याँकन र कर निर्धारण गर्ने,<br>- स्थलगत अनुगमन गरी कर असूली गर्ने | आ.व. २०७९/८० भित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | - सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>- मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने<br>- (वैदेशीक र वैंकिंङ प्रयोजन को रुपमा वर्गिकरण) । | आ.व. २०७९/८० भित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| पर्यटन सेवा शुल्क | - पर्यटकीय स्थलको पहिचान, सूचिकरण गरी सेवा शुल्कको न्यूनतम दर सहित यस सम्बन्धी नीति तर्जुमा,<br>- सेवा शुल्क उठान स्थानीय क्लब, संस्था वा निजी क्षेत्रलाई आह्वान गरी जिम्मेवारी दिने,<br>- नियमित सेवा शुल्क असूली गर्ने । | आ.व. २०८० श्रावण मसान्तभित्र | कार्यपालिका, राजस्व शाखा, प्रशासन शाखा |
| वन पैदावार | - सामुदायिक वन तथा वनपैदावार बिक्री वितरण सम्वन्धि तथ्याङक संकलन तथा अद्यावधिक गर्ने, | ०८० कार्तिक मसान्तभित्र | राजस्व शाखा |
| नक्सा पास दस्तुर | - नक्सापास प्रकृयालाई मापदण्ड बनाई कार्यान्वयन गर्ने<br>- भवनको वर्गिकरण अनुसार दस्तुर निर्धारण एवं असूल गर्ने ।<br>- नक्सा पास नगरी संरचना निर्माणमा कडाई गर्ने ।<br>- नियमित अनुगमन र दण्ड जरिवाना लगाउने व्यवस्था गर्ने । | आ.व. २०७९/८० भित्र | राजस्व शाखा, घरनक्सा पास शाखा, वडा कार्यालयहरु |
| पार्किङ शुल्क | - पार्किङ स्थल पहिचान गर्ने ।<br>- प्राथमिकताको आधारमा पार्किङ स्थलहरुको डिजाईन र निर्माण गर्ने ।<br>- पार्किङ असुली विधि तय गर्ने ।<br>- पार्किङ शुल्क असूली गर्ने । | आ.व. २०७९/८० भित्र | |
| अन्य दस्तुर तथा सेवा शुल्क | - हालसम्म तर्जुमा भई नसकेको नीति तर्जुमा तथा सेवाको वर्गीकरण गर्ने ।<br>- सेवा प्रदान गर्दा अनिवार्य सम्पत्ति करको विल भरपाई पेश गर्नुपर्ने व्यबस्था गर्ने ।<br>- जग्गाको अव्यवस्थित खण्डिकरण रोक्ने, दण्ड जरिबाना तथा थप शुल्क लिने ।<br>- कल कारखाना, होटल व्यावसाय तथा स्वास्थ्य क्लिनीकहरुबाट वातावरणमा पारेको नकारात्मक प्रभावको आधारमा मापदण्ड बनाई थप सेवा शुल्क लिने ।<br>- प्राकृतिक श्रोत तथा बन जन्य बस्तुको बिक्री तथा निकासीमा करको सम्भाव्यता हेरी प्रदेश सरकारसँगको समझदारीमा संचालन गर्ने । | आ.व. २०७९/८० भित्र | राजस्व पारमर्श समिति |

### ५.१.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस नगरपालिका अन्तर्गत यसको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि नगरपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

क) उद्देश्य :

नगरपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शी एवं प्रविधियुक्त वनाउनु ।

ख) रणनीति

१. नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।

२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।

३. राजस्व प्रशासनलाई सरल , सहज, र प्रविधियुक्त वनाउने ।

*ग) कार्यनीतिहरु*

रणनीति १ को नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने अन्तर्गका कार्यनीतिहरु :

१. राजस्व सुधार एवं परिचालनका लागि नगरपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यमकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

२. मध्यमकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा पुर्‍याइनेछ ।

*रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु*

१. राजस्व शाखामा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।

२. वडा कार्यालयवाट राजस्व सङकलन गर्न थप कर्मचारीको व्यवस्था मिलाइनेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई क्रियाशील वनाइनेछ ।

४. नागरिकहरुको अचल सम्पत्ति मूल्याँकनका लागि प्राविधिकहरु समेत रहने गरी नगरपालिका स्तरीय सम्पत्ति मूल्याँकन समिति गठन गरिनेछ ।

५. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

६. राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८. नगरपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।

*रणनीति ३ को राजस्व प्रशासनलाई सहज, सरल र प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु*

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा पुऱ्याइनेछ।

२. वडा कार्यालयहरु सहित कार्यपालिकामा सुचना प्रविधिका पूर्वाधार (तिव्रगतिको इण्टरनेट, कम्प्युटर ) तयार गरिनेछ।

३. राजस्व सम्वन्धी कार्यका लागि विश्वासनिय तथा भरपर्दो अनलाइन सेवा प्रदान गरिनेछ।

४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ।

५. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी पूर्ण जानकारी करदाताहरुलाई गराइने छ। घ) राजस्व प्रशासन सुधार कार्ययोजना

**तालिका नः ११ : राजस्व प्रशासन सुधार योजना**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| नीतिगत व्यवस्था | - राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगरसभाबाट पास गर्ने।<br>- पुरस्कार र दण्डको व्यवस्था गर्ने।<br>- घर निर्माण सम्पन्नता जानकारी, नक्सा र करसँग Linkage गर्ने | आ.व. २०७९/८० भित्र | कार्यपालिका, नगरसभा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, |
| सांगाठनिक व्यवस्था | - राजस्व बिज्ञको अल्पकालिन सेवा लिने<br>- राजस्व शाखाको स्थापना गरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने,<br>- क्षमता बिकास र प्रविधीको उपयोग गर्ने।<br>- राजस्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरु (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्फट्वेयर आदी) मा बृद्धि गर्ने । | २०८० आश्विन मसान्त सम्म | राजस्व परामर्श समिति<br>प्रशासन शाखा |
| राजस्व संकलन तथा अभिलेख | - राजस्व अभिलेखमा नयां वडाहरु समेतको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>- राजस्व प्रशासनमा सबै सेवाहरु सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | आ.व. २०७९/८० भित्र | केन्द्र सरकार र कार्यपालिका |
| सूचना तथा पारदर्शिता | - सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने। नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने। | मासिक रुपमा | प्रमुख प्रशासकीय अधिकृत,<br>वडा सचिवहरु |
| प्रविधि/स्रोत साधन | - छिटो छरितो रुपमा कार्य सम्पादन गर्न आधुनिक प्रविधिकको प्रयोग गर्ने। (Software, Control Mechanism, Automatic System, Internet, Record maintain and GIS System) | नयाँ आ.व सुरु हुने वित्तिकै | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| जनशक्ति | - उपलब्ध जनशक्तिको क्षमता बिकास<br>- आवश्यक कर्मचारी थप गर्ने | आ.व सुरु हुने वित्तिकै | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| जनचेतना/प्रचार प्रसार | - राजस्व संकलनको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने । | निरन्तर | सुचना अधिकृत /शाखा प्रमुख |
| पारदर्शिता | - संकलन गरिएका राजस्व रकम पारदर्शी ढंगबाट आय/व्यय विवरण राख्ने व्यवस्था गर्ने ।<br>- नियमन र अनुगमन प्रत्यक चौमासिकमा आय ब्यायको सार्वजनिककरण गर्ने । | निरन्तर आ.व सुरु देखि अन्त सम्म | राजस्व शाखा, , वडा समिति |
| अनुगमन | - अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>- निर्धारित दर अनुसार राजस्व संकलन भए नभएको<br>- नगरपालिकाले लिएको नीति अनुसार कार्य भए नभएको<br>- कर असुली प्रकृया सरलिकृत तथा न्यायोचित भए नभएको | प्रत्येक तीन महिनामा | कार्यपालिका |
| समिक्षा तथा प्रोत्साहन | - प्रत्यक चौमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>- प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने ।<br>- बार्षिक रुपमा करदाताहरु सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>- करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई)<br>- राम्रो काम गर्ने जनप्रतिनिधी तथा कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने) | निरन्तर वार्षिक रुपमा ( नगरसभा गर्ने दिनमा) | प्रमुख प्रशासकीय अधिकृत कार्यपालिका |

**तालिका १२ : राजस्वका नयाँ क्षेत्र पहिचान तथा परिचालन**

| सुधारका क्षेत्रहरु | सुधारका कृयाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
